# हाम्रो हरिनास

## स्थानीय पाठ्यक्रम

## आधारभूत तह (कक्षा १-८)

## २०७९

**प्रकाशक : हरिनास गाउँपालिका**

**(शिक्षा, युवा तथा खेलकुद शाखा)**

**स्याङ्जा**

## स्थानीय पाठ्यक्रम : हाम्रो हरिनास

| | |
|---|---|
| प्रमुख संरक्षक | - श्री खिम नारायण मानन्धर, अध्यक्ष |
| संरक्षक | - श्री इन्द्रकुमारी थापा राना, उपाध्यक्ष |
| संरक्षक | - श्री मुकुन्दराज पौडेल, प्रमुख प्र. अधिकृत |
| ©सर्वाधिकार | - श्री हरिनास गाउँपालिका, स्याङ्जा । |
| सहजीकरण | - श्री साभ नेपाल, पोखरा । |

## पाठ्यक्रम मस्यौदा लेखन सुझाव समिति

## पाठ्यक्रम मस्यौदा लेखन विज्ञ समिति

श्री डा.तुलसीराम खनाल 'प्रभास' (अध्यक्ष, साभ नेपाल)

श्री डा. देवप्रसाद पाण्डे (सहप्राध्यापक, गण्डकी विश्वविद्यालय, पोखरा)

श्री डा. गोपीकृष्ण बस्याल, विपद् व्यवस्थापन विज्ञ

श्री ज्योतिप्रसाद रेग्मी (उपप्राध्यापक, पृथ्वीनारायण क्याम्पस, पोखरा)

# प्राक्कथन

स्थानीय समुदायका आवश्यकता र रुचिलाई महŒव दिई स्थानीय स्तरकै साधन, स्रोत र विज्ञताको उपयोगमार्फत् स्थानीय स्तरमा निर्माण, विकास र कार्यान्वयन गरिने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । राष्ट्रिय पाठ्यक्रमले मात्र जाति, भाषा, धर्म, संस्कृति आदिमा हुने विविधतालाई सम्बोधन गर्न नसक्ने भएकाले स्थानीय पाठ्यक्रमको आवश्यकता महसुस गरिएको हो ।

नेपाल विविधताले सम्पन्न मुलुक हो । यहाँ विभिन्न थरि भाषा, सभ्यता, पेसा, संस्कृति, वेशभुषा र भूगोलहरू छन् । तिनका आ-आफ्नै विशिष्ट पहिचान छन् । 'विविधतामा एकता' नेपालीको विशिष्ट पहिचान नै हो । लोकतान्त्रिक गणतन्त्रात्मक सङ्घीय संविधान जारी भई मुलुक यही बाटोमा अघि बढिरहेका बेलामा संविधानले समेत प्रत्येक भाषा र सभ्यताको संरक्षण र संबर्द्धन गर्न पाउने नागरिकको हकलाई मौलिक हकका रूपमा सुरक्षित गरेको छ भने यसका लागि विभिन्न समयमा ऐन, कानुन र निर्देशिकाहरूसमेत बनिसकेको सर्वविदितै छ ।

स्थानीय पाठ्यक्रमलाई अवधारणागत रुपमा प्रष्ट्याउने क्रममा नेपालका विभिन्न दस्तावेजमा रहेका प्रावधानहरुलाई हेर्नुपर्दछ । हाल कार्यान्वयनमा रहेका नीतिहरुमा स्थानीय पाठ्यक्रमका बारेमा निम्नानुसार उल्लेख भएको छ । नेपालको संविधान नेपालको संविधान २०७२ भाग ३ को धारा ३१ मा शिक्षा सम्बन्धी मौलिक हकको व्यवस्था रहेको छ । यस धाराको उपधारा ५ मा नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुनेछ भन्ने प्रावधान रहेको छ । यसलाई व्यवहारतः कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रम मार्फत् समाजमा रहेका भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदालाई जगेर्ना गर्ने प्रकृतिको ज्ञान, सिप र प्रविधि विद्यार्थीलाई दिनु जरुरी छ । शिक्षालाई वैज्ञानिक, व्यावसायिक, सिपमूलक र रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम प्रतिस्पर्धी नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने (धारा ५१ (ज)(१) । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन सम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई इङ्गीत गरेको छ । त्यस्तै उक्त ऐनको दफा ११ (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने कुरा उल्लेख गरिएको छ । साथै पन्ध्रौँ योजनाको (२०७६/०७७-२०७९/०८०) उद्देश्य प्राप्तिका

लागि परिलक्षित मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सिपमा आधारित पाठ्यक्रम मार्फत सबै तहको शिक्षामा गुणस्तर, सुनिश्चित गर्ने रणनीतिलाई विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकूल परिमार्जन गर्नुका साथै आधारभूत तहको कक्षा १-३ को एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्दै आधारभूत तहको शिक्षण सिकाइका लागि आवश्यकता अनुसार माध्यम भाषाको रुपमा मातृभाषा वा स्थानीय भाषा वा नेपाली भाषा प्रयोग गर्ने व्यवस्था मिलाई संघीय तहबाट तोकिएको मापदण्ड बमोजिम विद्यालय तहको स्थानीय पाठ्यक्रम तथा पाठ्य सामाग्री स्थानीय तहबाट विकास गर्ने गरी स्थानीय तहको क्षमता विकास गरिने छ भन्ने कार्यनीति मार्फत् प्राप्त गर्ने व्यवस्था गरिएको छ । नेपाल सरकारले विद्यालय शिक्षाको मूल दस्तावेजका रुपमा २०६३ सालमा राष्ट्रिय पाठ्यक्रम प्रारुप तयार गरेको थियो । पाठ्यक्रम स्थानीय आवश्यकतामा आधारित बनाउनुपर्ने कुराले विश्वव्यापी मान्यता पाइसकेकाले नेपालमा निम्नानुसारका अभ्यास हुन थालेको पाइन्छ भनी यस प्रारुपले उल्लेख गरेको छ :

क) स्थानीय पाठ्यक्रमका सामान्य पथ प्रदर्शनका सिद्धान्त तयार गर्ने र त्यसैका आधारमा थप विषयवस्तु स्थानीय तहमा समावेश गर्ने ।

ख) केन्द्रीय पाठ्यक्रमको संरचनाका आधारमा निश्चित गरिएको पाठ्यभारका लागि विषयवस्तु छनौट देखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने ।

ग) स्थानीय तहमा नै स्थानीय परिवेश, व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी परिवेशलाई सम्वोधन गर्ने पाठ्यक्रमको विकास र व्यवस्थापन गर्ने ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १-३ मा साप्ताहिक पाठ्यभार ५ अर्थात वार्षिक १६० घण्टा र कक्षा ४-८ मा यसका लागि ४ पाठ्यभार अर्थात वार्षिक १२८ घण्टा छुट्याइएको छ ।

नेपालमा विभिन्न कालखण्डमा शिक्षालाई विकेन्द्रित गर्ने प्रयासस्वरूप पाठ्यक्रममा स्थानीय विषयवस्तुलाई महŒव दिइँदै आएको पाइन्छ । 'राष्ट्रिय पाठ्यक्रम प्रारूप-२०७५' ले पनि स्थानीय पाठ्यक्रमको महŒवलाई जोड दिएको छ भने नेपाल सरकारले 'स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन-२०७६' प्रकाशित गरी स्थानीय पाठ्यक्रम निर्माणका सन्दर्भमा स्पष्ट मार्गदर्शन प्रस्तुत गरेको छ ।

यही सन्दर्भमा हरिनास गाउँपालिकाले पनि 'राष्ट्रिय पाठ्यक्रम प्रारूप-२०७५, २०७६' र 'स्थानीय पाठ्यक्रम निर्देशिका-२०७६' का मूल मान्यतालाई आत्मसात् गर्दै **हाम्रो हरिनास** नामक

पाठ्यक्रम तयार गरी पाठ्यपुस्तक लेखनको दायित्वलाई पूरा गरेको छ । यस क्रममा स्थानीय पाठयक्रमका आदर्शहरूलाई पछ्याउँदै स्थानीय आवश्यकता र रुचिलाई ध्यानमा राखी यो पाठ्यक्रम निर्माण गरिएको छ । पाठ्यक्रम निर्माणका क्रममा नगरपालिका क्षेत्रभित्रका पाठ्यक्रम विज्ञ, शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षाविद्, प्रधानाध्यापक, लेखक, स्थानीय सरोकारवाला प्रतिनिधिहरूको व्यापक छलफल, अन्तरक्रिया, प्रश्नोत्तरका माध्यमबाट सबैका सुझावहरूलाई यथोचित समावेश गरी पाठ्यक्रमको साँचोमा ढाल्ने प्रयास गरिएको छ ।

यस पाठ्यक्रमको निर्माणका क्रममा 'साभ नेपाल' ले जुन सहजीकरणको भूमिका निर्वाह गरेको छ, त्यसप्रति म हृदयदेखि नै आभारी छु । साभ नेपाल, यसका अध्यक्ष तथा यसको सिङ्गो लेखक तथा विज्ञ टोलीप्रति म कृतज्ञ छु । यस कार्यमा सहयोगी भूमिका निर्वाह गर्ने गाउँपालिकाभित्रका सम्पूर्ण प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी, जनप्रतिनिधि, शिक्षा शाखाका विज्ञहरू, कर्मचारी साथीहरू, विभिन्न क्षेत्रका विज्ञ तथा अग्रज व्यक्तित्वहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै म यस पाठ्यक्रमको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु ।

**खिमनारायण मानन्धर**

**अध्यक्ष**

**हरिनास गाउँपालिका, स्याङ्जा ।**

# विषयसूची


| | | |
|---|---|---|
| १. | परिचय | 1 |
| २. | विषय क्षेत्र | 2 |
| ३. | स्थानीय पाठयक्रमको औचित्य | 3 |
| ४. | विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य | 3 |
| ५. | विद्यालय शिक्षाको संरचना | 4 |
| ६. | स्थानीय पाठ्यक्रमका तहगत सक्षमता | 5 |
| ७. | स्थानीय पाठ्यक्रमका विषयवस्तुको छनोट | 5 |
| ८. | विषयक्षेत्र र क्रम | 7 |
| ९. | विषयवस्तुको विस्तृतीकरण | 11 |
| १०. | पाठ्यघण्टी र अङ्क विभाजन तालिका | 92 |
| ११. | सिकाइ सहजीकरण प्रक्रिया | 94 |
| १२. | विद्यार्थी मूल्याङ्कन | 94 |
| १३. | पाठ्यक्रम कार्यान्वयन | 94 |
| १४. | समय निर्धारण | 95 |
| १५. | पाठ्यक्रम परिमार्जन | 95 |


(विषयसूची अन्तिममा मिलाइने)

# स्थानीय पाठ्यक्रम : हाम्रो हरिनास

## १. परिचय

केन्द्रबाट तय हुने पाठ्यक्रमले स्थानीय आवश्यकतालाई पूर्णरुपमा समेट्न सक्दैन भन्ने मान्यताको आधारमा स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो । नेपाल एक बहुभाषी, बहुजाति, बहुधार्मिक र बहुसांस्कृतिक मूलुक हो । हरेक ठाउँका आवश्यकता र चाहना फरक फरक हुन सक्छन् । त्यसैले स्थानीय आवश्यकताका विषयवस्तुलाई मनन गरी त्यहींका नागरिकको अपनत्व हुनेगरी सम्बन्धित सरोकारवालाले स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी विकास गर्ने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । यसमा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय विषयवस्तु हुनु पर्दछ । जसले स्थानीय ज्ञानको प्रस्फुटन गर्नुका साथै नवीनतम ज्ञान र सिपको मार्ग दर्शन पहिल्याउन सहयोग गर्दछ । स्थानीय स्तरमा रहेका आवश्यकता र चाहनालाई सम्वोधन गरी भोलिका राष्ट्रका संवाहक आजका बालबालिकाहरुमा स्थानीय महŒवपूर्ण क्षेत्रको पहिचान गरी आफ्नोपनको महसुस गराउन सक्नुपर्दछ ।

हाम्रा सामाजिक सम्पदाको संरक्षण र हस्तान्तरणको माध्यम हाम्रो शैक्षिक प्रणालीमा निर्भर हुने गर्दछ । शिक्षाले संस्कृतिलाई विकास, परिमार्जन र परिस्कृत गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्ने गर्दछ । यही तथ्यलाई मध्यनजर गरेर विद्यालय तहको पाठ्यक्रम निर्माणका क्रममा खासगरी आधारभूत तहबाटै केही परिवर्तनका संस्थागत प्रयासहरू भइरहेका छन् । नेपालको संविधान २०७२ ले शिक्षा प्राप्त गर्ने नागरिकको अधिकारलाई सुरक्षित मात्र गरेको छैन स्थानीय भाषा, संस्कृति, सभ्यताको संरक्षण र उपयोग समुदायले गर्न पाउने संवैधानिक व्यवस्था गरेको छ । त्यस्तै नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । पाठ्यक्रम प्रारूप २०७६ अनुसार आधारभूत तह कक्षा १-८ सम्मको विद्यालय शिक्षामा १०० पूर्णाङ्कको स्थानीय विषय सम्बन्धित स्थानीय तह वा विद्यालय आफैले निर्माण गरी कार्यान्वयन गर्न सकिने व्यवस्था उल्लेख गरे अनुसार स्थानीय तहमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका प्रयासहरू भइरहेका छन् ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १-३ मा साप्ताहिक पाठ्यभार ५ अर्थात वार्षिक १६० घण्टा र कक्षा ४-८ मा यसका लागि ४ पाठ्यभार अर्थात् वार्षिक १२८ घण्टा छुट्याइएको छ । उक्त प्रारुपमा स्थानीय पाठ्यक्रम सम्बन्धमा निम्नलिखित कुरा उल्लेख गरिएको छ :

क) स्थानीय आवश्यकताको पहिचानमा स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

ख) राष्ट्रिय पाठ्यक्रमको ढाँचाको आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

ग) स्थानीय पाठ्यक्रममा आवश्यकताअनुसार विषयवस्तुहरु परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिने छ ।

घ) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुनेगरी लचकता प्रदान गरिने छ ।

ङ) राष्ट्रिय पाठ्यक्रमको संरचना भित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रुपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइने छ ।

च) स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक

विधिका सम्बन्धमा विद्यालयले निर्णय लिने छ ।

छ) स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रम सम्बद्ध संरचनाबाट हुने छ ।

पाठ्यक्रमले शिक्षण र सिकाइलाई दिशानिर्देश गर्दछ । पाठ्यक्रमकै आधारमा पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्रीहरू निर्माण गरिन्छ । प्रजातन्त्र स्थापनापछि मूल पाठ्यक्रमले निर्धारण गरेका विषयवस्तुहरूमै आंशिक रूपमा स्थानीय कला र स्थानीय विषयवस्तुलाई समावेश गर्ने प्रयास सुरु भयो भने नेपालको संविधान २०७२ लागु भएसंगै यसको आवश्यकता र महŒवलाई गम्भीरतापूर्वक लिन थालिएको पाइन्छ । स्थानीय तहको आवश्यकता, रुचि, उपलब्ध साधन र स्रोतको लेखाजोखा गरी स्थानीय शिक्षक, अभिभावक, विद्यार्थी, बुद्धिजीवी र स्थानीय विज्ञहरूकै सहभागितामा बनाइने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो (पाठ्यक्रम प्रारूप २०७६)। स्थानीय पाठ्यक्रमले स्थानीय रैथाने ज्ञान र स्थानीय सिप विकासमा विशेष जोड दिन्छ । विद्यार्थीले आफ्नो मौलिकता र आफ्नोपनको अनुभूत गर्न सक्ने गरी स्थानीय पाठ्यक्रम निर्माण गरिएको हुन्छ ।

पाठ्यक्रम कार्यान्वयन गर्ने सबैभन्दा तल्लो निकाय विद्यालय र जिम्मेवार व्यक्ति शिक्षक हुने भएकाले शिक्षक तथा सिकारुको सहभागितामा विद्यालय तहमा नै पाठ्यक्रम निर्माण तथा कार्यान्वयन हुनुपर्दछ भन्ने सोचका साथ स्थानीय पाठ्यक्रमको अवधारणा विकास भएको हो । बदलिएको नेपालको राजनैतिक एवम् प्रशासनिक संरचनामा माध्यमिक तहसम्मको शिक्षाको अधिकार संविधानतः स्थानीय तहमा हस्तान्तरण गरिएको हुँदा स्थानीय परिवेश र स्थानीय आवश्यकताको आधारमा स्थानीय पाठ्यक्रम निर्माण गर्न सक्ने वातावरण बनेको हो ।

स्थानीय पाठ्यक्रम निर्माणमा केही मूलभूत सिद्धान्तहरूलाई उपयोग गरिएको हुन्छ । स्थानीय पाठ्यक्रमले लोकतान्त्रिक मूल्य मान्यता, खुला सामाजिक प्रकृति, समावेशी चरित्र, स्थानीय र राष्ट्रिय आवश्यकतामा आधारित, जीवनोपयोगी र क्रियाकलाप केन्द्रित सिद्धान्तहरूलाई समावेश गरेको हुन्छ । स्थानीय पाठ्यक्रम सबै ठाउँमा एउटै किसिमको हुँदैन किनभने स्थानीय आवश्यकता, उपलब्ध स्रोत र साधन र स्थानीय पहिचान फरक फरक किसिमको हुन्छ । यो विविधता र विशिष्टताका आधारमा स्थानीय पाठ्यक्रमको बनोट र संरचना पनि फरक फरक हुन सक्छ साथै यसका आधारमा पाठ्यवस्तु पनि फरकफरक बन्न सक्छ ।

स्थानीय पाठ्यक्रमले स्थानीय स्तरमा क्षमता विकास गरी आफूलाई चाहिने पाठ्यक्रम आफै निर्माण र कार्यान्वयन गर्ने पेशागत तथा संस्थागत विकासमा जोड दिएको छ । समुदायको आवश्यकतालाई मात्र होइन, सिकारुको रुचि, उमेर, स्तर र स्रोत साधनलाई विशेष ध्यान दिएको छ । सिकारुलाई सिक्नका लागि उत्प्रेरित गर्दछ र सिकाइलाई स्थायी र व्यावहारिक बनाउँछ । यसले परम्परा, मूल्य, मान्यता तथा स्थानीय मौलिक संस्कृतिलाई जगेर्ना गर्न सिकाउँछ । स्थानीय परम्परागत पेशा र व्यवसायहरूको मौलिकतालाई जोगाउँदै तिनको आधुनिकीकरण गर्न उत्प्रेरित गर्दछ । स्थानीय पाठ्यक्रमले स्थानीय सामग्रीको उपयोग गरी सिकाइ संचालनमा जोड दिन्छ।

हरिनास गाउँपालिकाले स्थानीय तहका शिक्षक, बुद्धिजीवी, शिक्षाविद्, अभिभावक, विद्यार्थी लगायत सरोकारवाला विभिन्न समूहहरूसँगको चरणबद्ध छलफल र अन्तरक्रियापछि मात्र यो स्थानीय पाठ्यक्रम निर्माण गरिएको हो । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७१ र २०७६ का उद्देश्य, स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन निर्देशिका २०६४, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित) २०७६ को मर्म र भावनालाई आत्मसात् गरी तिनलाई स्थानीय आवश्यकतासँग समन्वय गरिएको छ । हरिनास गाउँपालिकाको स्थानीय पहिचानका विशिष्ट पक्षहरूलाई उजागर गर्दै स्थानीय आवश्यकता, विद्यार्थीको रुचि, तह, स्तर, पाठ्यवस्तुको क्षेत्र र क्रमअनुसार समायोजित गरिएको छ । मूलत : प्राकृतिक स्रोतका रूपमा रहेका विभिन्न सम्पदाहरू, मानव निर्मित सामाजिक तथा सांस्कृतिक सम्पदाहरू, स्थानीय पेसा र सिपहरू, जीवनोपयोगी सिप, मूल्य तथा मान्यताहरू आदिसँग सम्बन्धित विविध पक्षहरूलाई समेट्दै पाठ्यक्रम निर्माण गरिएको छ ।

स्थानीय पाठ्यक्रम निर्माणका सन्दर्भमा स्थानीय आवश्यकता पहिचान गर्नका लागि विभिन्न क्षेत्रका सरोकारवालाहरू, अभिभावक, समाजसेवी, विभिन्न पेशामा संलग्न व्यक्तिहरू, शिक्षक, विद्यार्थी, पूर्व विद्यार्थी, सामाजिक कार्यकर्ता, राजनैतिक व्यक्तिहरू, महिला, दलित, अपाङ्ग, विभिन्न भूगोल र समुदायका प्रतिनिधिहरू, स्थानीय बुद्धिजीवीहरू तथा स्थानीय जनप्रतिनिधिहरू आदिबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सुझावहरू सङ्कलन गरी विद्यार्थीको स्तर र उमेर त्यस्तै गरी स्थानीय क्षेत्रमा उपलब्ध स्रोत र साधनलाई समेत मध्यनजर गरी प्राथमिकतामा परेका स्थानीय विषयवस्तुहरू समावेश गरी पाठ्यक्रम निर्माण गरिएको हो ।

## २. विषय क्षेत्र

प्रस्तुत पाठ्यक्रमले राष्ट्रिय पाठ्यक्रम प्रारूप र स्थानीय पाठ्यक्रम प्रारूपका संशोधित प्रावधानहरूको जगमा टेकेर हरिनास गाउँपालिकाको स्थानीय आवश्यकतालाई आत्मसात् गर्दै विद्यार्थीको उमेर तह र रुचिलाई समेत मध्यनजर राख्दै विषय क्षेत्रहरूको समायोजन गरेको छ । मूल रूपमा हरिनासका प्राकृतिक स्रोत, मानव निर्मित सम्पदाहरूको महत्व बोध गराउँदै तिनको संरक्षण र विकास गराउने हेतुका साथ विषय क्षेत्रहरूको निर्धारण गरिएको छ । हरिनासका प्राकृतिक, सामाजिक तथा सांस्कृतिक सम्पदाको महत्व, स्थानीय परम्परागत सीप, पेशा तथा व्यवसाय, पर्यटकीय तथा धार्मिक आस्थाका केन्द्रहरू, हरिनासका जातजातिका विशिष्टता, स्थानीय स्तरमा सरसफाइ तथा फोहोर व्यवस्थापन, पूर्वीय संस्कृतिसँग सम्बन्धित प्राकृतिक चिकित्सा लगायतका विविध विषयका सम्बन्धमा विद्यार्थीहरूलाई ज्ञान, सीप र अभिवृत्ति प्रदान गर्ने उद्देश्य अनुरूप तहगत तथा कक्षागत विषययक्षेत्रको क्रम र स्तरण मिलाइएको छ । स्थानीय आर्थिक उत्पादनमूलक क्रियाकलापहरूसँग परिचित गराउँदै आत्मनिर्भरताको बाटोतिर विद्यार्थीहरूलाई अभिमुख गराउने प्रयत्न गरिएको छ । नैतिकताको चरम ह्रास र मानवीय मूल्य विघटनको वर्तमान वैश्विक परिवेशमा योग, प्राणायाम, ध्यान जस्ता संस्कारहरूमार्फत् व्यक्तिमा आत्मानुशासन र सत्चरित्रको विकास गराउने खालका विषयवस्तुहरूको चयन र समायोजन गरिएको छ । विपद्को बेलामा अरुको मुख ताक्ने नभई स्थानीयस्तरमै विपद् व्यवस्थापनका लागि गर्न सकिने उपायहरू सुझाई व्यक्तिमा जोखिमसँग जुध्न सक्ने सीप र क्षमताको अभिवृद्धि गराउने उद्देश्यमा विषयवस्तुलाई केन्द्रित गराइएको छ ।

समग्रमा यस पाठ्यक्रममा समावेश गरिएका विषय क्षेत्रलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गरिन्छ जुन हरिनास गाउँपालिकाका सबै सरोकारवालाहरू र विज्ञहरू सहितको कार्यशालाले निर्णय गरेको थियो :

### १. हाम्रो हरिनास

(क) भूबनोट र हावापानी

(ख) भूगोल र अवस्थिति

(ग) प्राकृतिक स्रोत साधन (खोलानाला, वनजंगल, जडीबुटी....)

(घ) जातजाति

(ङ) जनसङ्ख्या

(च) इतिहास र नामकरण

(छ) किंवदन्ती र लोककथन

(ज) ऐतिहासिक घटना र जनश्रुति

(झ) गाउँपालिकाका गतिविधि : विकास निर्माणका प्रमुख कार्य

(ञ) गाउँपालिकाको राजनीतिक र प्रशासनिक संरचना, सेवाक्षेत्र र कार्यप्रक्रिया

## २. स्थानीय सम्पदा

(क) धार्मिक स्थल (मठमन्दिर, मस्जिद, गुम्बा, चर्च......)

(ख) लोक संस्कृति (लोककथा, लोकनाच, लोकगीत, लोकबाजा, लोकोक्ति, लोकनाटक)

(ग) सामाजिक संस्कार (जन्मदेखि मृत्य, हरेक जातिका प्रचलन.................)

(घ) भाषाभाषी, मातृभाषा (संस्कृत, मगर, गुरुङ, बोटे, माझी, भुजेल, कुमाल.........)

(ङ) निजी, सामूहिक र सार्वजनिक वस्तु एवम सम्पति संरक्षण तथा सरसफाइ

(च) चाडपर्व, उत्सव, जात्रा, मेला, महोत्सव (पिङ, स्थानीय व्यापार आदि)

(छ) भेषभुषा (जातीय पहिचान दिने)

(ज) प्राकृतिक सम्पदा र जैविक विविधता (वनजंगल, वनस्पति, वन्यजन्तु, घरपालुवा जनावर, चराचर जगत, खनिजजन्य पदार्थ....)

(झ) सिमसार क्षेत्र

## ३. हरिनासको जीवनशैली र उद्यमशीलता

(क) खाद्यपरिकार (निर्माण, सेवन विधि र वैज्ञानिकता)

(ख) अतिथि सत्कार, सामाजिक मूल्य मान्यता

(ग) पूजा पद्धति, विवाह पद्धति (जातिगत), मितेरी प्रचलन......

(घ) चिठीपत्र, शिलालेख, ताम्रपत्र, राजिनामा, तमसुक, भौचर, एटिएम

(ङ) निजी, सामूहिक र सार्वजनिक वस्तु एवम् सम्पत्ति

(च) घरेलु उद्योग : डोको, नाम्लो, नाङ्लो, काइँयो, दुना, टपरी, बोहोतो, चर्खा, जनै, काठका भाँडा (ढुङग्रो, ठेकी, दाबिलो, पनिउँ ....), आरन, पानी घट्ट, ढिकी, जाँतो, कोल

(छ) परम्परागत पेसा, सामग्री उत्पादन र बिक्री वितरण

(झ) स्वनिर्मित सामग्रीको प्रदर्शनी, मेला र उत्कृष्ट सामग्री छनोट

(ञ) व्रत, उपवास र एकान्तवास

(ट) अन्न, फलफूल र तरकारी भण्डारण, प्रशोधन : सुकाएर, कुटेर, भुटेर, पकाएर, खाँदेर, कोल्डस्टोर

(ठ) स्थानीय नापतौला (माना, पाथी, मुरी, धार्नी....)

(ड) औद्योगिक ग्राम

(ढ) उद्यमशीलता

## ४. कृषि तथा पशुपक्षीपालन

(क) परम्परागत कृषि र आधुनिक कृषि

(ख) तरकारी तथा फलफूल खेती प्रविधि

(ग) नर्सरी व्यवस्थापन (प्रयोगात्मक)

(घ) अन्न बाली र नगदेबालीको अवधारणा, उपादेयता र अभ्यास, रैथाने बाली तथा फलफूल

(ङ) मौरीपालन र मह उत्पादन, भीरमौरी

(च) पशु तथा पंक्षीपालन

(छ) माछापालन

(ज) जडीबुटी

(झ) कृषिमा आधारित कार्यमूलक लघु अनुसन्धान र बजार व्यवस्था

(ञ) हाटबजार

(ट) कृषि तथा पशु बिमा र कृषि सहकारी

## ५. शिक्षा, अनुशासन, स्वास्थ्य तथा खेलकुद

(क) हरिनासको शैक्षिक इतिहास

(ख) विद्यालय (निजी तथा सामुदायिक), क्याम्पस, गुरुकुल.....

(ग) असल व्यवहार र चरित्र निर्माण (मानव मूल्य शिक्षा)

(घ) स्वास्थ्य केन्द्र, महिला स्वास्थ्य, प्रजनन स्वास्थ्यका अभ्यासहरू

(ङ) दिर्घ तथा सर्ने र नसर्ने रोग

(च) सरसफाइ

(छ) निरोगिताका लागि गरिने परम्परागत उपचार पद्दति

(ज) जडीबुटी पहिचान, प्रशोधन र प्रयोग

(झ) योग, प्राणायाम, ध्यान र मानसिक स्वास्थ्य

(ञ) स्थानीय परम्परागत खेलकुद (डण्डीबियो, कपर्दी, भालेजुधाइ, गट्टा, राज्ये, रुमाल लुकाई, बाघचाल, खोपी, मेच घुमाइ , रस्साकस्सी आदि ......)

(ट) स्वास्थ्य बिमा

## ६. पर्यटन

(क) क्षेत्र पहिचान : गुफा, खोला, नदी, ताल, पोखरी, मैदान

(ख) फूलबारी, पार्क र बालउद्यान

(ग) पदमार्ग

(घ) हरित विद्यालय र अन्तरविद्यालय शैक्षिक भ्रमण

(ङ) दृश्यावलोकन (हिमाल, सूर्योदय, सूर्यास्त, पार्क, भ्यू टावर)

(च) प्याराग्लाइडिङ स्थल

(छ) होमस्टे

(ज) सांस्कृतिक ग्राम, सङ्ग्रहालय

(झ) जंगल सफारी, साइकल मार्ग

(ञ) होटल, रिसोर्ट, क्याम्प फायर

(ट) साहसिक खेल (बन्जी जम्प, क्यानोनिङ, रक क्लाइम्बिङ......)

(ठ) धार्मिक पर्यटन

## ७. व्यावहारिक तथा जीवनोपयोगी सिकाइ

(क) स्थानीय तहमा हुने विपद् र यसको व्यवस्थापन (भूकम्प, बाढी, पहिरो, डुबान, हुरी, चट्याङ, आगलागी, डढेलो............)

(ख) स्थानीय तहका सामाजिक समस्या र समाधानका मौलिक अभ्यास

(ग) लोपोन्मुख वस्तु र क्षेत्र पहिचान र त्यसको संरक्षण

(घ) सिकाइ र सहजताका लागि सूचना प्रविधिको प्रयोग (परम्परागत र आधुनिक)

(ङ) भविष्यको योजना निर्माण र उपयोग

(च) स्थानीय व्यक्तित्व पहिचान र असल कार्यको अनुसरण

(ज) डिजीटल साक्षरता, साइबर शिक्षा, मोबाइलको प्रयोग

(झ) ट्राफिक शिक्षा

(ञ) विद्युतीय उपकरणहरुको प्रयोग

(ट) जीवनोपयोगी सिप

(ठ) आर्थिक क्रियाकलाप (सहकारी शिक्षा, वैदेशिक रोजगार...)

(ड) लैंगिक तथा सामाजिक समावेशीकरण

(ढ) जैविक विविधता

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको सन्दर्भमा राष्ट्रिय पाठ्यक्रम निर्माणको विकल्पमा स्थानीय पाठ्यक्रम निर्माणको अभ्यास सुरु भएको छ जुन आफैमा सकारात्मक रहेको छ । संविधान, ऐन, कानुन, नीति, नियमावली र निर्देशिकाहरूमा समेत स्थानीय पाठ्यक्रमका अवधारणाहरू उल्लिखित भइरहेको सन्दर्भमा प्रस्तुत हरिनास गााउँपालिकाको स्थानीय पाठयक्रमको औचित्य स्वतः सिद्ध भएको छ ।

पहिचान मानिसको सबैभन्दा महŒवपूर्ण विषय हो । मानिसले पहिला आफूलाई चिन्दछ अनि आफ्नो समाज, समुदाय र सामाजिक परिवशेलाई चिन्दै विश्व बजारमा प्रवेश गर्ने लक्ष्य राख्नु पर्दछ । शिक्षाले मानिसको त्यो आवश्यकतालाई सम्बोधन गर्नुपर्दछ । नेपालमा पछिल्लो समय स्थानीय भाषा, पिछडिएका जातजाति, स्थानीय संस्कार र संस्कृतितर्फ मानिसको ध्यान जान थालेको छ । कम्तीमा आधारभूत तहका विद्यार्थीहरूले आफ्नो स्थानीय प्राकृतिक परिवेश, समुदायका सामाजिक मूल्य मान्यता, रहनसहन, जीवनशैलीका विशिष्ट पक्षहरूलाई पहिचान गरेर तिनको मूल्यबोध गर्न सक्नुपर्दछ । लोपोन्मुख परम्परागत सीप, पेशा र उत्पादनसँग जोडिएका विषयहरूको उत्खनन् गरी एकातिर हाम्रो मौलिकतालाई जोगाउने र अर्कातिर आयआर्जनका बाटातिर अभिमुख गराउँदै व्यक्तिलाई उत्पादनशील र आत्मनिर्भर बनाउनु आजको आवश्यकता हो । यो पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुहरूको अध्ययनबाट विद्यार्थीहरूले स्थानीय स्तरमा पेशा व्यवसायका सम्भावनाहरूतर्फ चासो बढाउने छन् भने धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक वस्तु र स्थलहरूको महŒव बुझ्दै पर्यटनका सम्भावनाहरू पहिल्याउँदै जाने छन् । यो पाठ्यक्रमले परम्परागत ज्ञान सीप र प्रविधि मार्फत् स्थानीय ज्ञानको खोजी गर्नेछ । यसले विद्यार्थीको नवीनतम ज्ञान एवम् सीपको विकासमा सहयोग पुर्याउनेछ । विद्यार्थीहरूले आफ्नै स्थानीय खानपानका मौलिकताहरूलाई बुझ्नेछन् र पत्रु बजारिया तयारी खानाको विश्वव्यापी सञ्जालबाट आफूलाई अलग्गै राख्ने छन् । विपद्लाई बुद्धिमतापूर्ण र विवेकपूर्ण ढङ्गले सामाना गरी विपद् व्यवस्थापन र जोखिम न्युनीकरणका सीप र क्षमता हासिल गराउने सम्बन्धमा पनि यो पाठ्यक्रमको औचित्य स्वतः प्रमाणित भएको छ । प्रस्तुत पाठ्यक्रमको औचित्यलाई निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिन्छ :

(क) स्थानीय स्तरका पेशा व्यवसाय एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रियकरण गर्न ।

(ख) स्थानीय आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यावाहारिक र प्रभावकारी बनाउन ।

(ग) स्थानीय कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सीप, भाषा आदिको संरक्षण र सम्बर्धन गर्न ।

(घ) स्थानीय पाठ्यक्रम निर्माणमा प्रत्यक्ष संलग्न गराई स्थानीय सरोकारवालालाई जिम्मेवार बनाउन ।

(ङ) स्थानीय ज्ञानको उपयोग गरी नागरिकलाई सीपयुक्त, आत्मनिर्भर बनाउँदै रोजगारीतर्फ अभिमुख गराउन ।

(च) स्थानीय ज्ञान, सीप र प्रविधिलाई विश्वव्यापी बनाउन ।

(छ) विश्वव्यापी ज्ञान सीप र प्रविधिलाई स्थानीय विकासमा उपयोग गर्न ।

(ज) स्थानीय तहमा लुकेका ज्ञान सीप र प्रविधिको उजागर गर्न ।

(झ) भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक विविधतालाई सम्बोधन गर्न ।

(ज) व्यक्तिलाई स्थानीय पेशा र सीपको उपयोगको माध्यमबाट आयआर्जन र उत्पादनमुखी बनाउनुका साथै श्रमप्रति सम्मानको भाव जगाउन ।

## ३. स्थानीय पाठयक्रमको औचित्य

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको सन्दर्भमा राष्ट्रिय पाठ्यक्रम निर्माणको विकल्पमा स्थानीय पाठ्यक्रम निर्माणको अभ्यास सुरु भएको छ जुन आफैमा सकारात्मक रहेको छ । संविधान, ऐन, कानुन, नीति, नियमावली र निर्देशिकाहरूमा समेत स्थानीय पाठ्यक्रमका अवधारणाहरू उल्लिखित भइरहेको सन्दर्भमा प्रस्तुत हरिनास गाउँपालिकाको स्थानीय पाठयक्रमको औचित्य स्वतः सिद्ध भएको छ ।

आधारभूत तहका विद्यार्थीहरूले आफ्नो स्थानीय प्राकृतिक परिवेश, समुदायका सामाजिक मूल्य मान्यता, रहनसहन, जीवनशैलीका विशिष्ट पक्षहरूलाई पहिचान गरेर तिनको मूल्यबोध गर्न सक्नुपर्दछ । लोपोन्मुख परम्परागत सिप, पेसा र उत्पादनसँग जोडिएका विषयहरूको उत्खनन् गरी एकातिर हाम्रो मौलिकतालाई जोगाउने र अर्कातिर आयआर्जनका बाटातिर अभिमुख गराउँदै व्यक्तिलाई उत्पादनशील र आत्मनिर्भर बनाउनु आजको आवश्यकता हो । यो पाठ्यक्रमले निर्दीष्ट गरेका विषयवस्तुहरूको अध्ययनबाट विद्यार्थीहरूले स्थानीय स्तरमा पेसा व्यवसायका सम्भावनाहरूतर्फ चासो बढाउने छन् भने धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक वस्तु र स्थलहरूको महŒव बुझदै पर्यटनका सम्भावनाहरू पहिल्याउँदै जानेछन् । यो पाठ्यक्रमले परम्परागत ज्ञान सिप र प्रविधि मार्फत् स्थानीय ज्ञानको खोजी गर्नेछ । यसले विद्यार्थीको नवीनतम ज्ञान एवम् सिपको विकासमा सहयोग पुर्याउनेछ । विपद्लाई बुद्धिमतापूर्ण र विवेकपूर्ण ढङ्गले सामाना गरी विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका सिप र क्षमता हासिल गराउने सम्बन्धमा पनि यो पाठ्यक्रमको औचित्य स्वतः प्रमाणित भएको छ । प्रस्तुत पाठ्यक्रमको औचित्यलाई निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिन्छ :

(क) स्थानीय पाठ्यक्रम निर्माणमा प्रत्यक्ष संलग्न गराई स्थानीय सरोकारवालालाई जिम्मेवार बनाउन ।

(ख) स्थानीय कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र सम्बर्धन गर्न ।

(ग) स्थानीय आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यावाहारिक र प्रभावकारी बनाउन ।

(घ) स्थानीय ज्ञानको उपयोग गरी नागरिकलाई सिपयुक्त, आत्मनिर्भर बनाउँदै रोजगारीतर्फ अभिमुख गराउन ।

(ङ) स्थानीय स्तरका पेसा व्यवसाय एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रियकरण गर्न ।

(च) स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापी बनाउन ।

(छ) व्यक्तिलाई स्थानीय पेसा र सिपको उपयोगको माध्यमबाट आयआर्जन र उत्पादनमुखी बनाउनुका साथै श्रमप्रति सम्मानको भाव जगाउन ।

(ज) स्थानीय तहमा लुकेका ज्ञान सिप र प्रविधिको उजागर गर्न ।

(झ) भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक विविधतालाई सम्बोधन गर्न ।

(ज) विश्वव्यापी ज्ञान सिप र प्रविधिलाई स्थानीय विकासमा उपयोग गर्न ।

## ४. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार छन्

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

(ख) राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान्, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्द्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मदत गर्ने

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भएका नेपालको इतिहास, भूगोलको ज्ञान भएका, नेपाली पहिचान र जीवनशैलीप्रति गौरव गर्ने नागरिक तयार गर्ने

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपत् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

## ५. विद्यालय शिक्षाको संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ का अनुसार विद्यालय शिक्षाको संरचना निम्नानुसार रहेको छ।

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बाल विकास र शिक्षा | प्रारम्भिक बाल विकास र शिक्षा | ४ वर्ष | |
| **आधारभूत** | **कक्षा १- ३** | **५ देखि ७ वर्षसम्म** | **तह १** |
| | **कक्षा ४- ५** | **८ देखि ९ वर्षसम्म** | **तह २** |
| | **कक्षा ६- ८** | **१० देखि १२ वर्षसम्म** | **तह ३** |
| माध्यमिक | कक्षा ९- १० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११- १२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

स्रोतः पाठ्यक्रम विकास केन्द्र, सानो ठिमी भक्तपुर।

## ६. स्थानीय पाठ्यक्रमका तहगत सक्षमता

**कक्षा १-५**

क) हरिनास गाउँपालिकामा पाइने वनस्पति तथा पशुपंक्षीको (जैविक विविधता) पहिचान

ख) हरिनास गाउँपालिकामा रहेका नदीनाला, खनिज पदार्थ आदिको परिचय

ग) हरिनास गाउँपालिकाका प्राकृतिक विपत्तिको पहिचान र न्यूनीकरणका उपायसम्बन्धी सचेतना

घ) हरिनास मा प्रचलित धर्म कला, संस्कृति र चाडपर्वको पहिचान

ङ)	हरिनास  गाउँपालिकाका ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको परिचय

च)	हरिनास  गाउँपालिकाका सम्पदाहरूको परिचय

छ)	असल सामाजिक मूल्य मान्यताको अनुसरण, विकृति र यसको रोकथाम

ज)	हरिनास  गाउँपालिकाका पेसा, व्यवसाय र आम्दानीका स्रोतहरू

झ)	पूर्वीय जीवनशैली र संस्कारको सचेतना र अवलम्बन

ञ)	सरसफाइ, यसको महŒव र सचेतना

ट)	हरिनास  गाउँपालिकाको राजनैतिक, सामाजिक तथा सांस्कृतिक परिचय

**कक्षा ६-८**

क)	हरिनास मा पाइने वनस्पति तथा पशुपंक्षीको (जैविक विविधता) पहिचान र संरक्षण

ख)	हरिनास को भौगोलिक अवस्था र यहाँका नदीनाला, खनिज पदार्थ आदिको परिचय, महŒव र संरक्षण

ग)	हरिनास का प्राकृतिक विपत्तिहरू र जोखिम न्यूनीकरणका उपायहरूको सचेतना

घ)	हरिनास  गाउँपालिकामा प्रचलित कला, संस्कृति र चाडपर्वको पहिचान

ङ)	हरिनास का ऐतिहासिक स्थलहरूको परिचय, महŒवबोध र संरक्षणमा सहभागिता

च)	असल सामाजिक मूल्य र मान्यताको अनुसरण तथा सकारात्मक व्यवहारको पालना एवम् विकृति र यसको रोकथाम

छ)	हरिनास का पेसा, व्यवसाय र आर्थिक क्रियाकलापहरूको परिचय, फाइदा र चुनौती

ज)	हरिनास का भाषा र लोकसाहित्यको परिचय

झ)	हरिनास का जातजातिहरूको परिचय तथा तिनका विशिष्टताहरू

ञ)	सरसफाईको परिचय र फोहोर व्यवस्थापनका उपायहरूको अबलम्बन

ट)	योग, प्राणायाम, ध्यान, आयुर्वेद र जडीबुटी सम्बन्धी परिचय, महŒव र अभ्यास

ठ)	पूर्वीय जीवनशैली र संस्कारको अभिमुखीकरण तथा अवलम्बन

ड)	परम्परागत ज्ञान, सिप तथा प्रविधिको बोध र उपयोग

ढ)	हरिनास का सामाजिक, सांस्कृतिक तथा धार्मिक पक्षहरूको पहिचान

## ७. स्थानीय पाठ्यक्रमका विषयवस्तुको छनोट

१.	हरिनास को स्थानीय वातावरणमा पाइने वनस्पति, जडीबुटी, पशुपंक्षी, प्रदूषण, सरसफाई, ऊर्जा, जलवायु परिवर्तन

२.	हरिनास को भौगोलिक अवस्था, यस क्षेत्रका नदीनाला,  र खनिज पदार्थ

३.	हरिनास को  मुख्य विपद्हरूः भुकम्प, बाढी, पहिरो, आगजनी, चट्याङ, हुरी बतास र दुर्घटना

४.	हरिनास को इतिहास, प्रचलित भाषा, धर्म, संस्कृति, चाडपर्व, रीतिरिवाज र भेषभूषा

५.	हरिनास मा रहेका मठमन्दिर र अन्य धार्मिक सम्पदाहरू

६.	हरिनास का सामाजिक मूल्यमान्यता र सकारात्मक व्यवहार तथा विकृति र यसको रोकथाम

७.	हरिनास का प्रचलित पेसा, व्यवसाय, उद्योगधन्दा तथा आयआर्जनका क्रियाकलापहरू (पशुपालन, खेतीपाती, जडीबुटी, हस्तकला, तथा पर्यटन व्यवसाय आदि)

८.	योग, ध्यान, प्राणायाम, अतिथि सत्कार

९. हरिनास मा प्रचलित परम्परागत वस्तुहरू, हरित विद्यालय
१०. हरिनास को ऐतिहासिक घटना र जनश्रुतिहरू, हरिनास को राजनैतिक र प्रशासनिक संरचना
११. हरिनास को जीवनशैली, जातजाति, भाषाभाषी, लोकसंस्कृति
१२. हरिनास का परम्परागत ज्ञान, सिप तथा प्रविधि, जीवनोपयोगी सिप

## ८. विषयक्षेत्र र क्रम

| विषय क्षेत्र र क्रम कक्षा १-५ | | | | | |
|---|---|---|---|---|---|
| **विषयवस्तुको क्षेत्र** | **कक्षा १** | **कक्षा २** | **कक्षा ३** | **कक्षा ४** | **कक्षा ५** |
| • हाम्रो हरिनास | • हरिनास गाउँपालिका परिचय । | • गाउँपालिकाको नामकरण ।<br>• आफू बसेको वडाको परिचय । | • हरिनास गाउँपालिकाको भौगोलिक अवस्था र हावापानी ।<br>• जनसंख्या । | • हरिनास गाउँपालिकाको प्राकृतिक स्रोत र साधनहरू ।<br>• गाउँपालिकाको नक्सा र महŒवपूर्ण स्थान । | • हरिनास गाउँपालिकाका योजना तथा कार्यक्रमहरू<br>• गाउँपालिकाका गतिविधि |
| • स्थानीय सम्पदा | • मन्दिर<br>• हाम्रो भाषा<br>• आफ्नो वरपर रहेका वनजङ्गलको परिचय<br>• स्थानीय क्षेत्रमा पाइने चराचुरुङ्गीहरू | • मन्दिरको धार्मिक तथा सांस्कृतिक परिचय ।<br>• स्थानीय भाषा ।<br>• आफ्नो वरपर रहेका वनजङ्गल र मुख्य वनस्पतिहरूको परिचय<br>• स्थानीय क्षेत्रमा पाइने चराचुरुंगी जनावरहरू | • स्थानीय संस्कृति र सम्पदाको परिचय ।<br>• स्थानीय भाषा ।<br>• स्थानीय जीवन्त सम्पदाको परिचय ।<br>• जैविक विविधताको परिचय<br>• स्थानीय क्षेत्रममा पाइने प्रमुख वनस्पति<br>• जल तथा थल जीव जन्तुहरू | • स्थानीय मठ मन्दिर, गुम्बाको परिचय ।<br>• लोक बाजाहरूको परिचय।<br>• स्थानीय चाडपर्व, मेला तथा महोत्सव ।<br>• जलीय तथा स्थलीय जीवहरूको परिचय र संरक्षणका उपायहरू । | • ऐतिहासिक तथा धार्मिक सम्पदाको परिचय<br>• विभिन्न देवी देवताहरूको जातजातिगत पूजापाठ विधिको संक्षिप्त परिचय<br>• स्थानीय रूपमा मनाइने चाडपर्वहरू<br>• जैविक विविधताको ह्रास<br>• जैविक विविधता संरक्षण र आवश्यकता |
| • हरिनासको जीवनशैली र उद्यमशीलता | • खाद्य परिकार<br>• स्थानीय क्रियाकलापहरू<br>• स्थानीय सिपको परिचय<br>• स्थानीय सिपको प्रयोगबाट उत्पादित | • स्थानीय खाद्य परिकार परिचय<br>• स्थानीय क्रियाकलाप र पोशाक<br>• स्थानीय सिपको प्रयोगबाट उत्पादित वस्तुहरू<br>• स्थानीय सामग्रीको | • अतिथि सत्कार<br>• स्थानीय क्रियाकलाप र पोशाक<br>• परम्परागत सिप एवम् उद्यमशीलता<br>• स्थानीय व्यापार व्यवसाय | • पूजापद्धति<br>• निवेदन लेखन<br>• तमसुक लेखन<br>• परम्परागत पेशा<br>• स्वरोजगार | • चिठी लेखन<br>• तमसुक लेखन<br>• निवेदन लेखन<br>• स्थानीय सामग्रीको प्रयोग गरी निर्माण गर्न सकिने वस्तु<br>• दुना, टपरी निर्माण । |

| | | | | | |
|---|---|---|---|---|---|
| | वस्तुहरू | उपयोग गरी वस्तु निर्माण | • स्थानीय उद्योगहरू | | |
| • कृषि तथा पशुपक्षी पालन | • कृषिको परिचय ।<br>• हाम्रो खेतबारीमा उत्पादन हुने अनाज ।<br>• स्थानीय कृषिमा प्रयोग गरिने औजारहरू | • स्थानीय बालीनालीका प्रकार ।<br>• नर्सरीको परिचय | • अन्नबाली र नगदेबाली<br>• पशुपछीपालन<br>• आधुनिक कृषि प्रणाली | • कृषि र कृषि उत्पादन<br>• माछा पालन<br>• माहुरी पालन | • कृषि उत्पादनका विधिहरू<br>• बीउबीजन उत्पादनका तरिका<br>• माछापालन<br>• स्वरोजगार र आधुनिक कृषि |
| • शिक्षा, अनुशासन, खेलकुद तथा स्वास्थ्य | • अनुशासनको परिचय<br>• स्वास्थ्यको परिचय<br>• व्यक्तिगत स्वास्थ्य<br>• | • व्यक्तिगत सरसफाई र स्वास्थ्य<br>• योग तथा ध्यानको परिचय ।<br>• असल व्यवहार | • योग/प्राणायाम/ ध्यानको प्रारम्भिक परिचय<br>• जडीबुटीको परिचय | • असल व्यवहार र चरित्र निर्माण<br>• योग शिक्षा | • मानवीय कर्तव्य र अधिकार<br>• योगका चरण र महŒव<br>• योगको शास्त्रीय मान्यता<br>• स्थानीय उपचार पद्धति |
| • पर्यटन | • फूलबारी र बाल उद्यान .<br>• दृश्यावलोकन । | • स्थानीय पर्यटकीय क्षेत्र | • पदमार्ग र यसको महŒव होमस्टे परिचय<br>• दृश्यावलोकन | • पर्यटकीय क्षेत्रको परिचय।<br>• स्थानीय पर्यटनका क्षेत्र<br>• सांस्कृतिक ग्राम | • स्थानीय पर्यटकीय क्षेत्र<br>• होमस्टे<br>• स्थानीय पदमार्गको विकास र अन्तरिक तथा वाह्य पर्यटनका क्षेत्रहरू |
| • व्यावहारिक तथा जीवनोपयोगी सिकाइ | • प्राकृतिक विपद्को परिचय ।<br>• विपद्बाट बच्ने उपायहरू । | • व्यक्तित्वको परिचय र योगदान ।<br>• लोपोन्मुख क्षेत्रको परिचय ।<br>• जीवनोपयोगी सिपको परिचय | • प्राकृतिक विपद् र न्यूनीकरणका उपायहरू<br>• स्थानीय सूचना प्रविधि | • विपद् र विपद् व्यवस्थापनका उपायहरू ।<br>• सूचना प्रविधि र सिकाइमा यसको प्रयोग । | • आधुनिक सूचना र प्रविधि<br>• प्राकृतिक प्रकोप तथा विपद्को पहिचान र बच्ने उपाय |

| विषय क्षेत्र र क्रम कक्षा ६ - ८ | | | |
|---|---|---|---|
| **विषयवस्तुको क्षेत्र** | **कक्षा ६** | **कक्षा ७** | **कक्षा ८** |
| हाम्रो हरिनास | • हरिनास गाउँपालिकाको प्रशासनिक संरचना<br>• विकासका गतिविधि<br>• जातजातिगत जनसंख्या | • जनप्रतिनिधिहरूको काम, कर्तव्य र अधिकार<br>• गाउँपालिकाका सेवाका क्षेत्रहरू<br>• हरिनास गाउँपालिकाको भूबनोट, हावापानी र वनस्पति<br>• जनसंख्या, जातजाति र भाषा | • हरिनास गाउँपालिकाका भावी योजना र कार्य दिशाहरू<br>• हरिनास गाउँपालिका वडापत्र<br>• हरिनास गाउँपालिका भौगोलिक अवस्थिति |
| स्थानीय सम्पदा | • संस्कृति अभ्यासको परिचय दिन<br>• स्थानीय सांस्कृतिक मेला, उत्सव र परिचय<br>• जातजातिका संस्कृति झलक र परम्पराहरू<br>• पुरातािŒवक महŒवका क्षेत्रहरूको परिचय<br>• स्थानीय भाषा र भाषिक वर्गीकरण | • धार्मिक सम्पदा<br>• ऐतिहासिक सम्पदा<br>• सांस्कृतिक सम्पदा | • धार्मिक सम्पदा<br>• ऐतिहासिक सम्पदा<br>• भाषिक सम्पदा |
| हरिनासको जीवनशैली र उद्यमशीलता | • शिलालेख<br>• ताम्रपत्र लेख<br>• व्यवसायिक कृषि<br>• जडीबुटी खेती<br>• तरकारी तथा फलफूल खेती | • ब्रत, उपबास र एकान्तबास<br>• संस्कारको परिचय<br>• खाद्य परिकार निर्माण र सेवन<br>• प्राङ्गारिक कृषि<br>• माछापालन | • कृषिको महŒव र योगदान<br>• प्राङ्गारिक कृषिको महŒव प्राङ्गारिक कृषिको विधि<br>• कृषिको आधुनिकीकारण |

| | | | |
|---|---|---|---|
| | | • कृषि व्यवसायका चुनौतीहरू र सम्भावना<br>• बजार व्यवस्थापन | |
| कृषि तथा पशुपक्षीपालन | • स्थानीय कच्चा पदार्थको प्रयोग गरी निर्माण गरिने सामग्री | • स्थानीय कच्चा पदार्थमा आधारित वस्तु<br>• बाँसका सामग्री | • बाँसका सामग्रीको उत्पादन<br>• नेपाली कागज उत्पादन |
| शिक्षा, अनुशासन, खेलकुद तथा स्वास्थ्य | • योग<br>• अनुशासित व्यक्ति | • सामाजिक व्यवहार<br>• अधिकार र कर्तब्य<br>**स्वास्थ्य**<br>• शुद्धीकरणका स्थानीय विधिहरू<br>• योग अभ्यास | • योगको महŒव र दैनिक जीवनमा प्रयोग<br>• प्राकृतिक चिकित्सा<br>• खेलकुद |
| पर्यटन | • पर्यटकीय क्षेत्रहरूको महŒव, हरित विद्यालय र अन्तर विद्यालय भ्रमण | • पर्यटन र विकासका रणनीतिहरू<br>• पर्यटन र आर्थिक विकासका आधार | • पर्यटकीय क्षेत्रको संरक्षण र संवर्द्धन<br>• जलयात्रा/बोटिंग |
| व्यावहारिक तथा जीवनोपयोगी सिकाइ र जैविक विविधता | • प्रकोप तथा विपद्को पहिचान र बच्ने उपाय<br>• सूचना र प्रविधिको शैक्षिक प्रयोग | • सूचना र प्रविधिको प्रयोग<br>• स्थानीय सम्पदा संरक्षणमा स्थानीय योजना र कार्यक्रम | • परम्परागत सूचना प्रसारण विधि र आधुनिक प्रविधि<br>• सिकाइमा सूचना प्रविधिको प्रयोग<br>• विपद् व्यवस्थापन |

## ९. विषयवस्तुको विस्तृतीकरण

| कक्षा १ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| हाम्रो हरिनास | • हरिनास गाउँपालिका परिचय ।<br>• | • आफ्नो गाउँपालिकाको नाम बताउन ।<br>• आफ्नो गाउँ/टोलको नाम भन्न । | • हरिनास गाउँपालिका परिचय ।<br>• हाम्रो गाउँ । | • हरिनास गाउँपालिकाको परिचय ।<br>• हाम्रो गाउँ/टोलको नाम र परिचय । | • गाउँपालिकाको नाम सोध्ने ।<br>• तिमी बस्ने गाउँ/टोलको नाम के हो भनी सोध्ने । | १५ |
| स्थानीय सम्पदा | • हरिनासका धार्मिक मठ मन्दिर<br>• हाम्रो भाषा | • हरिनासका मठ मन्दिरहरु चिन्न ।<br>• आफू बोल्ने मातृभाषाको नाम बताउन । | • आफू बस्ने क्षेत्रमा रहेका मठ मन्दिरहरु चिन्न ।<br>• स्थानीय क्षेत्रमा बोलिने भाषा (मगर, खस भाषा) को परिचय । | • मन्दिर रहेको स्थान र मन्दिरको फोटो, भिडियो प्रदर्शन तथा अवलोकन गराउने ।<br>• गाउँमा बोलिने भाषाहरूको जानकारी गराउँदै विद्यार्थीको बोल्ने मातृभाषाका बारेमा परिचय दिने र कुराकानी गर्न लगाउँने । | • आफू बस्ने क्षेत्रका मन्दिरको परिचय दिन लगाउने ।<br>• आफू बोल्ने मातृभाषाको नाम बताउन लगाउने । | २३ |
| हरिनासको जीवनशैली र उद्यमशीलता | • खाद्य परिकार<br>• स्थानीय क्रियाकलापहरू | • चाडपर्वमा खाइने खानेकुराहरूको सूची तयार गर्न<br>• घरमा विभिन्न समयमा गरिने | • स्थानीय चाडपर्वमा खाइने खानेकुराहरूको सूची<br>• परिवारमा गरिने विभिन्न कार्यहरू | • स्थानीय चाडपर्वमा खाइने खानेकुराहरूको सूची बनाई परिचय दिने र निर्माण विधि बताउने<br>• हामीले विभिन्न समयमा | • स्थानीय चाडपर्वमा खाइने खानेकुराहरू मध्ये कुनै तिन खाद्य परिकारको नाम लेख्न लगाउने | ३१ |

| कक्षा १ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | क्रियाकलापहरू बताउन (जस्तै : जन्मदिन, कुलपूजा, विवाह, ब्रतबन्ध आदि) | (जन्मदिन, कुलपूजा, विवाह, ........आदि) मा गरिने क्रियाकलापहरू र चित्रहरू | गरिने पारिवारिक कार्यहरू (जन्मदिन, कुलपूजा, विवाह, ........... आदि) मा गरिने क्रियाकलापहरूको बारेमा वृत्तचित्र (श्रव्य-दृश्य सामग्री) तयार गरी हाम्रा अभ्यासहरूको परिचय गराउने | • हामीले हाम्रो घरमा विभिन्न समयमा गरिने क्रियाकलापहरू (जन्मदिन, विवाह , .....आदि) मा गरिने कार्यहरू बताउन लगाउने | |
| कृषि तथा पशुपक्षीपालन | • कृषिको परिचय ।<br>• हाम्रो खेतबारीमा उत्पादन हुने अनाज ।<br>• स्थानीय कृषिमा प्रयोग गरिने औजारहरू | • स्थानीय कृषिको परिचय दिन<br>• हाम्रो खेतबारीमा उत्पादन हुने अनाज नाम बताउन ।<br>• कृषिमा प्रयोग गरिने औजारहरूको नाम बताउन । | • स्थानीय कृषि र हाम्रो खेतबारीमा उत्पादन हुने अनाजहरूको सचित्र सूची ।<br>• कृषिमा प्रयोग गरिने औजारहरूको नाम र चित्र । | • स्थानीय कृषि उत्पादनहरूको खेतबारीमा गई अवलोकन गराई सूची तयार गर्न लगाउने ।<br>• कृषि कार्यमा प्रयोग हुने औजारहरू (कुटो, कोदालो, डल्लेठो ..........आदि) को सचित्र वर्णन गर्ने । | • स्थानीय कृषिको परिचय दिन लगाउने ।<br>• कृषि बालीको नाम सोध्ने ।<br>• कृषिको लागि प्रयोग हुने औजारहरूको नाम लेख्न लगाउने । | २० |
| शिक्षा, स्वास्थ्य, अनुशासन र खेलकुद | • अनुशासनको परिचय<br>• स्वास्थ्यको परिचय | • आफूभन्दा ठुलालाई आदर सम्मान गर्नु<br>• व्यक्तिगत स्वास्थ्य प्रति सचेत रहन | • अनुशासनको परिचय<br>• व्यक्तिगत र सामाजिक अनुशासन<br>• स्वास्थ्यको परिचय | • सामाजिक रूपमा गरिने आदर र सम्मानको बारेमा परिचय दिने र तिमीले के गर्दछौ भनी भन्न लगाउने<br>• मानव स्वास्थ्यको जानकारी | • आफू भन्दा ठूलालाई गरिने सम्मान कसरी गर्दछौ भनी व्यवहार प्रदर्शन गर्न लागाउने | १६ |

**कक्षा १**

| क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | • व्यक्तिगत स्वास्थ्य | सक्ने ।<br>• स्वस्थ रहने उपायहरू बताउन । | • व्यक्तिगत स्वास्थ्य ।<br>• स्वस्थ बानी ।<br>• स्वस्थ रहने उपायहरू । | दिने ।<br>• स्वस्थ रहने बानी (हातको सफाई, कपालको सफाइ, नङको सफाइ............) को बारेमा बानी विकासमा जोड दिने क्रियाकलाप गराउने । | • स्वास्थ्य भनेको के हो ?<br>• स्वस्थ कसरी रहन सकिन्छ ?<br>• स्वस्थ रहने उपायहरू के के हुन् ? | |
